REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 16.09.2024

---

Swachhata Hi Sewa

देशमा स्वच्छता ही सेवा अभियान 2024 भोलिदेखि शुरू हुनेछ ।

यो दुई अक्टूबरसम्म चल्नेछ ।

यो वर्ष यसको विषय 'स्वभाव स्वच्छता संस्कार' राखिएको छ ।

अभियान अन्तर्गत पर्यटन सथलहरू, सार्वजनिक भवन, व्यावसयिक क्षेत्र, जलाशय, चिडियाघर, अभयाख्य अनि सामुदायिक तथा सार्वजनिक शौचालयहरूसहित विभिन्न स्थानहरूमा श्रमदान र सामूहिक रूपले व्यापक तवरमा सरसफाई गरिनेछ ।

देशभरि केन्द्र सरकारका सबै मन्त्रालय र राज्यहरूको तर्फवाट धेरै क्रियाकलापहरू गर्ने योजना छ जसमा आम मानिसहरूलाई सामेल गरिनेछ ।

---

CM

यसैवीच मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यका मानसिकहरूसित भोलि शुभारम्भ गरिने स्वच्छता ही सेवा अभियानमा सहभागी बन्न प्रोत्साहित गर्नुभएको छ ।

स्वच्छ भारत अभियानको दशौं वर्षगाँठको उपलक्ष्यमा राज्यवासीहरूलाई बधाई दिँदै उहाँले भन्नुभएको छ आजभन्दा दस वर्षअघि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पन्ध्र अगस्त 2014 का दिन लाल किल्लावाट स्वच्छतालाई रास्ट्र अभियान बनाउने र व्यापक जनसहभागिताको आह्वान गर्नुभएको थियो ।

श्री तामाङले दुई अक्तुबर 2014 मा श्री मोदीले आरम्भ गर्नुभएको जनआन्दोलनलाई सफल बनाउन श्रमदान दिने राज्यलाई स्वच्छ बनाउने आग्रह गर्नुभएको छ।

---

## Governor

सिक्किम दिब्याङ्ग समितिको एउटा शिस्टमण्डलले आज राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित शिस्टाचार भेट गरयो।

टोलीको नेतृत्व गर्दै पदमश्री सम्मानले अलंकृत सुश्री द्रौपदी घिमिमेले श्री माथुरलाई समितिका विभिन्न कार्यहरूवारे अवगत गराउनका साथै भावी योजनाहरूवारे पनि जानकारी दिनुभयो।

राज्यपालले समितिद्वारा गरिएका कार्यहरूको प्रशंसा गर्नुभयो।

दिब्याङ्गजनको प्रतिभा हालै आयोजित प्याराओलेम्पिकमा उनीहरूको उत्कृष्ट प्रदर्शनको सराहना गर्दै श्री माथउरले राजभवनको तर्फवाट समितिलाई सकेसम्म सहयोग गर्ने आश्वासन दिनुभएको छ।

---

## Poshan Maah

सारा देशमा अहिले रास्ट्रिय पोषण महीना पालन गरिँदैछ।

यसकै एक भागको रूपमा महिला तथा बाल विकास विभाग अधिन समन्वित शिशु विकास सेवा आई सि डि एस को गान्तोक ग्रामीण परियोजना अन्तर्गत राक्दोङ तिन्तोकको स्थित  साम्दोङ उच्चतर माध्यमिक पाठशालामा एउटा कार्यक्रम आयोजित गरियो।

यसलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै गान्तोकका जिल्ला अध्यक्ष पञ्चायत श्री बलराम अधिकारीले स्वस्थ जीवनशैली अप्नाउनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

कार्यक्रममा बक्ताहरूले पोषण महीना पालन गर्नुको उद्देश्य पोषक खाद्यान्न, नानीहरूमा रक्तअल्पता र कुपोषण हुन नदिने विभिन्न उपायहरूवारे अवगत गराइयो।

यसै महीना पहिलो तारीकदेखि मनाइएको रास्ट्रिय पोषण माह अभियान अन्तर्गत गेजिङ जिल्लाका आँगनवाड़ी कार्यकर्ताहरूलाई कोदो लगायत विभिन्न थरीका अन्नद्वारा तयार परिएका विसकुटहरू विताण गरियो। किशोरीहरूले आई सि डि एस केन्द्रहरूवाट तीस दिन सम्मका लागि यस्तो विस्कुट लिन स्वच्छ कार्यक्रममा बोल्दै गेजिङका बाल विकास परियोजना अधिकारी तथा उपा निदेशक श्री एच बी शङ्करले सितम्वर महीनामा वर्षेनी पालन गरिने रास्ट्रिय पोषण महीनावारे जानकारी दिनुभयो।

मंगन जिल्लामा महिला तथा बाल विकास विभागद्वारा आयोजित कार्यक्रममा पोषण महीनाको उद्देश्य विशेषता प्रधानमन्त्री मातृवन्दन योजना लगायत महीनाव्यापी अभियान अन्तर्गत गरिने क्रियाकलापहरूवारे प्रकाश पारियो।

यस अवसरमा विद्यार्थीहरूवीच चित्रकला प्रतियागिता पनि आयोजन गरियो।

सुदृढ़ र स्वस्थ समाज निर्माणका लागि आवश्यक पोषण तथा स्वास्थ्यवारे जागरूकता ल्याउनु कार्यक्रमको उद्देश्य थियो।

---

## Festival

रास्ट्र सँगसँगै सिक्किममा पनि आज इस्लाम धर्मका प्रवर्तक पैगम्वर मोहम्मदको जन्मदिन ईद मिलाद-उन-ननी पर्व धार्मिक श्रध्दा र उल्लासपूर्वक मनाइयो।

यस अवसरमा विभिन्न मस्जिदहरूमा विशेष समाहरूको आयोजन गरियो जसमा पैगम्वर साहनको जीवन र उपदेशहरूवारे चर्चा गरियो।

रास्ट्रपति श्रीमती द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मानिसहरूलाई मिलाद उन ननीको शउभकामना दिनुभएको छ।

---

## Skill Training

पाकिम जिल्लाको लिङके पारखा ग्राम प्रशासन केन्द्रमा आजदेखि गाउँले युवाहरूका लागि चियाको खेतीमाथि कौशल प्रशिक्षण आरम्भ भएको छ ।

रास्ट्रिय कृषि विस्तार प्रवन्धन संस्थान हैदरावादको प्रयोजनामा कृषि तथा वाग्वानी विभाग र पारखा चिया उत्पादक कल्याण बोर्डसित मिलेर यसको आयोजना कृषि प्रौद्योगिकी प्रवन्धन एजेन्सीले गरिरहेछ ।

गाउँका युवाहरूलाई आवश्यक कौशल प्रशिक्षण कोसद्वारा खेतीपाती गर्न  योग्य बनाउने उद्देश्य यसको आयोजना गरिएको हो ।

कार्यक्रममा वाग्वानी तथा कृषि विभागका श्रोतवक्ताहरूले कृषकहरूलाई सम्वन्धित विभागहरू र चियावगानहरूका विभिन्न कार्यक्रम तथा योजनाहरूवारे अवगत गराइयो ।

यस्तै प्रकारले पारखा प्रखण्डको लिङ्के ग्राम प्रशासन केन्द्रमा जागरूकता तथा विरूवारोपण कार्यक्रम कृषि प्रौद्योगिकी प्रवन्धन एजेन्सी र कृषि तथा वाग्वानी विभागद्वारा यस्तो पहल गरिएको थियो ।

---